जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ९८ २०७९ साल कात्तिक २५ गते शुक्रबार (11 Nov. 2022 Friday) मूल्य रु. ५/-

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : समाजका लागि ... ३ पृष्ठमा : सरकारी बेरुजु फछ्र्यौंटका लागि ... ३ पृष्ठमा राजा चार्ल्समाथि अण्डा प्रहार ...

# क्षेत्र नं. ३ को २ मा पनि त्रिपक्षीय प्रतिस्पर्धा हुने







**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

निर्वाचनको मिति नजिकिदै जाँदा सप्तरीमा पनि चुनावी सरगर्मी निकै बढेको छ। मौसम चिसिदै गएको बेला चुनावी माहोलले भने यहाको महोल निकै तताएको हो।

यस जिल्लामा चार वटा प्रतिनिधिसभा तथा ८ वटा प्रदेशसभा सदस्य पदका लागि निर्वाचनज हुँदैछ। विशेष गरि यहाँ दुई वटा गठबन्धनका उम्मेदवार मुख्य प्रतिस्पर्धामा देखिएका छन्। सत्तारुढ दलको गठबन्धनमा नेपाली काँग्रेस, माओवादी, नेकपा एस, लोसपा र जनमोर्चा समाहित छन् भने अर्को गठबन्धन हो एमाले-जसपाको। यस्तै जनमत पार्टी एक्लै चुनावी मैदानमा छन्।

अहिले यी दुबै गठबन्धनका उम्मेदवार चुनावी माहोलमा बढी हावी हुनु स्वभाविक हो। तर यस बाहेक अर्को स्वतन्त्र र पार्टीबाट टिकट नदिएपनि पार्टी कै चुनाव चिन्ह लिएर उम्मेदवार पनि चुनावी प्रतिस्पर्धामा छन्। यी उम्मेदवारहरु आफ्नो व्यक्तिगत छवी तथा विगतमा कुनै न कुनै पार्टीमा रहेर गरेको समाजसेवाको प्रभावका कारण चुनावी मैदानमा छन्ष्। चुनावी मैदानमा उनीहरु दुबै गठबन्धनका उम्मेदवारलाई कडा टक्कर दिने अवस्थामा पुगेका छन्।

सप्तरीको क्षेत्र नं. ३ को प्रदेशसभा २ बाट सत्तारुढ गठबन्धनका एक दल लोसपाका उम्मेदवारको रुपमा रहेका गजेन्द्र मण्डल पार्टीकै चुनाव चिन्ह लिएर चुनावी मैदानमा होमिएका छन्। उक्त क्षेत्रमा सत्तारुढ गठबन्धन दल नेपाली काँग्रेसले प्रतिनिधि र दुबै प्रदेशस्भा क्षेत्रको टिकट पाएको छ। हुन् त लोसपाले आफ्नो पार्टीको आधिकारिक उम्मेदवार नरहेको स्पष्ट पार्दै आएपनि निर्वाचन आयोगले मण्डललाई लोसपा पार्टी र साइकल छाप नै प्रदान गरेको छ।

यस प्रदेशसभा क्षेत्रमा सत्तारुढ पाँच दलिय गठबन्धनका साँझा उम्मेदवारको रुपमा नेपाली काँग्रेसका भगवती यादव र नेकपा एमाले-जसपाका साँझा उम्मेदवारका रुपमा विदेश्वर यादव (बिक्की) चुनावी प्रतिस्पर्धामा छन्। विदेश्वर यस क्षेत्रका वर्तमान प्रदेशसभा सदस्य समेत हुन्। भगवती यादव दोश्रो पटक यस प्रदेशसभाबाट उम्मेदवारी दिएका छन्। यस अघि उनी विदेश्वरबाटै पराजित भएका थिए। यसरी हेर्दा दुबै गठबन्धनका उम्मेदवार विदेश्वर र भगवतीलाई लोसपाका नेता गजेन्द्र मण्डलले कडा टक्कर दिने आंकलन गरिएको छ।

यता दुबै गठबन्धन, लोसपा र जनमत पार्टीका उम्मेदवारहरु घरदौलो कार्यक्रमलाई तिब्रता दिएका छन्। यस क्षेत्रबाट प्रतिनिधिसभामा सत्तारुढ गठबन्धनका तर्फबाट नेपाली

*बाँकी तीन पृष्ठमा*

# स्वतन्त्र उम्मेदवार खड्गीले लिए उम्मेदवारी फिर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

सप्तरी क्षेत्र नं. २ को प्रदेशसभा २ बाट स्वतन्त्र उम्मेदवारी दिएका निरज शाही (खड्गी)ले नेकपा (माओवादी केन्द्र) को तर्फबाट पाँच दलिय गठबन्धनका साझा उम्मेदवार उमेश कुमार यादवलाई समर्थन दिदै उम्मेदवारी फिर्ता लिएका छन्।

बिहीबार एक विज्ञप्ति जारि गर्दै उनले जनताको आवाज, साथीभाईको सुझाव, सल्लाहले यादवलाई प्रदेश सभा सदस्य पदको निर्वाचनमा समर्थन दिएको बताएका छन्।

# कांग्रेसद्वारा क्रियाशील सदस्य वाग्लेलाई कारवाही

काठमाडौं, २४ कात्तिक (रासस)।

नेपाली कांग्रेसले पार्टीका क्रियाशील सदस्य इच्छाबहादुर वाग्लेलाई कारवाही गरेको छ।

कांग्रेसको केन्द्रीय अनुशासन समितिले आगामी मङ्सिर ४ गते सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन-२०७९ मा पार्टीका आधिकारिक उम्मेदवार र पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध वागी उम्मेदवारी दिएको भन्दै वाग्लेलाई कारवाही गरेको हो।

अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुङ्गानाले कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा ३४ को उपधारा ४ (क) बमोजिम ५ (पाँच) वर्षका लागि पार्टीको सदस्यतासमेत नरहने गरी पार्टीको अभिलेखबाट हटाउन निर्देशन दिइएको जानकारी दिनुभयो।

कांग्रेसले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिएका र पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गरेका नेता तथा कार्यकर्ताको नाम केन्द्रीय अनुशासन समितिमा पठाउन आग्रह गरेको छ।

# कामहरुको सूची बोकेर उपेन्द्र जान्छन् घरदैलोमा



**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

सप्तरीको प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट सांसद बनेका जसपाका अध्यक्ष उपेन्द्र यादवले गर्वका साथ जिल्लाकै मुहार फेर्ने गरी भिजनका साथ गरिएका कामहरुको सूची बोकेर जनताको घरदैलोमा जाने गरेका छन्।

उनले निर्वाचन क्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि, सडक, भौतिक पूर्वाधार लगायतका उदाहरणीय कामहरु तथा विगतमा गरेका संघर्षहरुबाट मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, पिछडावर्ग लगायतका समुदायका हक अधिकारका लागि आरक्षण, समावेशिता, संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सहितका विषयमा प्रष्ट पार्दै गएका छन्।

चुनावी घरदैलोमा रहेका उनले आममतदातासँग सप्तरीमा गरेका काम, मधेश आन्दोलनको उपलब्धीहरुबारे स्मरण गराउने गरेका छन्। आमजनतामा थरिथरिका भ्रमहरु छर्ने गरेकोले त्यसबाट सचेत रहँदै जसपा र जसपाका उम्मेदवारहरुलाई उम्मेदवारलाई जिताएर सङ्घीयता र पहिचानवादीहरुले जवाफ दिनेमा जसपा अध्यक्ष उपेन्द्र यादव विश्वस्त छन्।

# उम्मेदवारहरु घरदैलोमा ब्यस्त



**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

सप्तरी निर्वाचन क्षेत्र नम्बर २ मा सत्तारुढ गठबन्धनका उम्मेदवारहरुले घरदैलो कार्यक्रमलाई तिब्रता दिएका छन्।

प्रतिनिधि सभा सदस्यका उम्मेदवार जयप्रकाश ठाकुर र सप्तरी २ (१) का प्रदेश सभा सदस्य उम्मेदवार सरोज मंडल र (२) का प्रदेश सभा सदस्यका उम्मेदवार उमेश कुमार यादवले प्रसार-प्रसारलाई तिब्र बनाएका हुन्।

जनताको घरदैलोमा पुगेर मत माग्दै सत्ताको लागि नभई संघीयता र संविधानको रक्षाका लागि लोकतान्त्रिक-बाम गठबन्धन बनेकाले जिताउन आग्रह गरेका छन्। उनले यस क्षेत्रको जनताले दिएको सुझावको आधारमा आफू उम्मेदवारी दिएकोले आफ्नो पक्षमा मतदाताले मतदान गर्ने विश्वास व्यक्त गरे।

मधेशीको नाममा सधै ठगेर राजनीतिक गर्ने व्यक्तिहरुलाई यस पालि जनताले निर्वाचन मार्फत जवाफ दिने भन्दै उम्मेदवार ठाकुरले मधेशी माथि सधै अहितमा काम गर्ने पार्टी सँग गठबन्धन गरेर जनतालाई ठग्ने काम बन्द गर्नुपर्ने बताए।

यस्तै सप्तरी-२ (२) मा प्रदेश सभा सदस्यका लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार उमेश कुमार यादवले हजारौं शहिदको बलिदानीबाट प्राप्त उपलब्धीलाई रक्षा गर्न जनताले यसै गठबन्धनलाई मत दिएर जिताउनुपर्नेमा जोड दिए।

यसै क्षेत्रका प्रदेश सभा (१) का उम्मेदवार सरोज मंडलले आफू बाचा भन्दा पनि काम गरेर देखाउने बताएका छन्।

# समाजका लागि विज्ञानको आवश्यकता

*- डा सुनिलबाबु श्रेष्ठ*

काठमाडौँ, २४ कात्तिक (रासस)।

उपकुलपति नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) सामाजिक आर्थिक रुपान्तरणमार्फत मुलुकलाई समृद्ध बनाउन विज्ञान र प्रविधिको अहम्‌ भूमिका रहेको तथ्य सर्वस्वीकार्य छ। राष्ट्रको सर्वाङ्गीर्ण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्वपूर्ण भूमिका रहन्छ। विश्वमा विकसित राष्ट्रहरुको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ।

जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ। नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन। राज्यको सर्वाङ्गीण विकासको गतिलाई तीव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको समुचित उपयोग गर्नसक्ने क्षमताको अभिवृद्धि गर्नु जरुरी देखिन्छ। वैज्ञानिक ज्ञानको प्रयोगले गुणस्तरीय जीवन प्राप्ति भएको उदाहरण संसारका विज्ञान र प्रविधि क्षेत्रमा अग्रणि मुलुकहरुको विकसित स्थितिबाट प्रष्ट हुन्छ। नेपालको संविधानले पनि वैज्ञानिक अध्ययन अनुसन्धानमार्फत दिगो विकासमा लक्ष्यहरु प्राप्त गर्न जोड दिइएको छ।

विसं २०७६ मा ल्याइएको राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीतिलेसमेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरीतिलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको पाइन्छ। यस सन्दर्भमा नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानले स्थापनादेखि निरन्तररुपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सूसुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ। विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरुबीच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ। नास्टको चार दशकको इतिहासमा पछिल्लो समय विभिन्न कार्यक्रममा जोड दिएको छ।

समाजका लागि विज्ञानः नास्टले आफ्ना गतिविधिहरु समाज केन्द्रित गरेर अगाडि बढिरहेको छ। जनताको आवश्यकता र समाज परिवर्तनका लागि वैज्ञानिक अध्ययन र क्रियाकलापहरु सञ्चालनमा विशेष जोड दिइएको छ। च्याउसम्बन्धी अध्ययन अनुसन्धान होस्‌ या सुन्तला खेतीमा लाग्ने रोग पत्ता लगाउने अनुसन्धान होस्‌ समाजका समस्याको समाधानमा केन्द्रित गर्दै अध्ययन अनुसन्धान भइरहेको छ। विश्लेषणात्मक सेवा केन्द्रमार्फत जीवनका हरेक आवश्यक विश्लेषणात्मक कार्यमा जनतालाई सेवा पुऱ्याउने कार्यमा विज्ञानमा आधारित भई आफ्नो सङ्काय र केन्द्रहरु स्थापना गरिएका छन्‌।

सङ्घीयता कार्यान्वयन : मुलुकले सङ्घीय संरचना धारण गरेपछि आफ्नो क्रियाकलाप केन्द्रमा मात्र सिमित नराखी नास्टले पनि आफ्नो गतिविधि सञ्चालन गरेको छ। हाम्रोजस्तो विकाशोन्मुख मुलुकमा विज्ञान र प्रविधिको विकास अपरिहार्य भएकाले सातवटै प्रदेशमा विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गरी विज्ञानलाई गाउँस्तरसम्म पुऱ्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ। प्रदेश नं. १ मा खाद्य र कृषि, मधेश प्रदेशमा चुरे संरक्षण र विकास, वाग्मती प्रदेशमा शहरी संरक्षण र वातावरण, गण्डकी प्रदेशमा पर्वतीय हरित अर्थतन्त्र, लुम्बिनी प्रदेशमा परम्परागत प्रविधि, कर्णाली प्रदेशमा सूचना र सञ्चार, सुदूरपश्चिम प्रदेशमा जडीबुटीसम्बन्धी अध्ययन अनुसन्धान कार्य गर्ने गरी विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गर्न नियमावलीको साथ कार्य अगाडि बढाएको छ। शहरहरुको दिगो विकासलाई ध्यान राख्दै हरियाली र खाद्य आत्मनिर्भरतर्फ उन्मुख शहर विकास गर्ने खाद्य हरियाली सहर कार्यक्रम र गाउँ/पालिकाहरुलाई वैज्ञानिक चेतनासहित सामाजिक आर्थिक रुपान्तरणमा सहयोग पुग्ने ढङ्गको वैज्ञानिक गाउँ कार्यक्रमहरु सञ्चालन भइरहेको छ। नास्टले सङ्घ, प्रदेश र पालिका तहसम्म आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गबाट सञ्चालनमा ल्याएको छ।

सिर्जनशीलताः नास्टले आफ्ना गतिविधि सञ्चालन गर्दा सिर्जनशीलतामा जोड दिएको छ। नास्ट अवस्थित सातदोबाटोदेखि गोदावरीसम्ममा करिब ११ किमी सडकका वरिपरि रहेका वैज्ञानिक सङ्घसंस्थासँग सहकार्य गरी विज्ञान सहरको अवधारणा विकास गरेको छ। यसबाट विज्ञान र प्रविधिप्रति रुचि सर्वसाधारण र विद्यार्थीमा बढाउन एवं विज्ञान प्रविधिसम्बन्धी जानकारीमूलक भ्रमण गर्ने अवसर प्राप्त हुन्छ। नास्टले आफ्नो हाताभित्र विज्ञान र प्रविधि र नवप्रवर्तन पार्क छोटकरीमा विज्ञान पार्कको अवधारणा विकास गरी कार्य अगाडि बढाएको छ।

यस्तै आफूले दिइरहेको सेवालाई एकीकृत गरी सहज र प्रभावकारी ढङ्गबाट सर्वसाधारण, सङ्घसंस्थालाई विश्लेषणात्मक सेवा एकै ठाउँबाट दिन विश्लेषणात्मक सेवा केन्द्रको थालनी नास्टले गरेको छ। यस्तै कला र विज्ञानलाई जोडी अझ जनस्तरमा बुझाई वृद्धि गर्न, सचेतना जागरण गर्ने खालको कार्यक्रम सञ्चालनमा ल्याएको छ। समाजमा भएका घटना र समस्याको वैज्ञानिक सामाधानका लागि छिटोछरितो अध्ययन गरी जनताका समस्यालाई सामाधान प्रदान गर्न सहयोग पुग्ने गरी 'द्रुत अवलोकन अध्ययन टोली' निर्माण गरी यस्ता कार्यलाई बढवा दिने सिर्जनशील संयन्त्रहरुको विकास गरेको छ। समाजको समस्यालाई परिणाममुखी अनुसन्धानमार्फत समाधान दिनेतर्फ सिर्जनशील भई अध्ययन अनुसन्धानमा लाग्न वैज्ञानिक जनशक्तिलाई विशेष जोड दिइएको छ।

सहकार्य र समन्वयः विज्ञान प्रविधि क्षेत्रको कार्य अन्तरसम्बन्धित भएको हुँदा विभिन्न सङ्घसंस्थाबीच सहकार्य र समन्वयमा मात्र सम्भव छ। एकल संस्थाको प्रयासबाट मात्र सफलता प्राप्त गर्न कठिन हुने हुन्छ। नास्टले यस कुरालाई मनन गरी राष्ट्रिय, अन्तराष्ट्रिय सङ्घसंस्थासँग सहकार्य र समन्वयन गरी आफ्नो गतिविधि सञ्चालित गरिरहेको छ। पछिल्लो चार वर्षमा करिब चार दर्जन सरकारी, गैरसरकारी, विभिन्न स्थानीय तह, मन्त्रालय, अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समझदारीपत्र र सम्झौतापत्रमा हस्ताक्षर गरी सहकार्य र समन्वयमा वैज्ञानिक गतिविधिहरु अगाडि बढाएको छ।

सिमारहित विज्ञान/विज्ञान कुटनीतिः विज्ञान र प्रविधिको कुनै सीमा हुँदैन। एक ठाउँको अनुसन्धान र आविस्कार अर्को ठाउँमा सजिलै उपलब्ध र उपयोगी हुने हुँदा विकासको गति विश्वमा अद्‌भूत रुपमा भैरहेको छ। नास्टले पनि विज्ञान कुटनीतिमा विश्वास राखी विज्ञान कुटनीतिलाई प्रयोग गरी नास्टको समुन्नति र विज्ञान प्रविधि क्षेत्रका विकासमा अग्रसर हुने खालको गतिविधिलाई बढवा दिंदैछ। कोरिया सरकारको एनआइए संस्थाको सहयोगमा नास्टस्थित इन्फरमेशन एक्सेस सेन्टर स्थापना गरी सूचना र सञ्चारसम्बन्धी ज्ञान विद्यार्थी र इच्छुकहरुलाई दिदै आइरहेको छ। नाम एस एण्ड टि सेन्टरको सहयोगमा वैज्ञानिक क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अगाडि बढिरहेको छ। चीनको कृषि तथा वन विश्वविद्यालय फूजियानसँग समझदारीपत्रको माध्यमबाट नेपालमा उपयोगी हुने जुन्काऊ प्रविधि हस्तान्तरण गर्ने कार्य अगाडि बढाइएको छ।

वैज्ञानिक समावेशीता : नास्टले आफ्नो गतिविधि सञ्चालन गर्दा समावेशीतालाई विशेष ध्यान दिएको छ। युवा वैज्ञानिक फोरम र महिला वैज्ञानिक फोरम स्थापना गरी युवा र महिला वैज्ञानिकको क्षमता अभिवृद्धि गर्ने र युवा एवं महिला वैज्ञानिक र प्राविधिकलाई सहयोग र प्रोत्साहन गर्ने खालका गतिविधिहरु सञ्चालनमा नास्टले सहयोग पुऱ्याउँदै आएको छ। विज्ञान विषयका विद्यार्थीदेखि शिक्षकसम्म युवा नवप्रवर्तनदेखि विश्वविद्यालयका अनुसन्धान कर्तासम्मलाई विभिन्न ढङ्गबाट सहयोग पुऱ्याउँदै आएको छ। विभिन्न संस्थागत प्रतिनिधित्व हुने गरी १६ वटा उपसमितिहरुमार्फत नास्टका गतिविधिमा सहभागी हुने अवसर पनि प्रदान गरिएको छ।

संस्थागत समुन्नतिः नास्टले आफ्नो समुन्नतिमा पनि ध्यान दिँदै विज्ञान प्रविधि क्षेत्रको विकासमा जोड दिँदैछ। अनुसन्धान कार्यलाई बढवा दिन एनिमल हाउस एवं बायोमेडिकल रिसर्च सेन्टरको भवन निर्माण कार्य सातदोबाटोस्थित केन्द्रीय कार्यालयको हाताभित्र सुरुआत गरिएको छ। रेडियसनसम्बन्धी अध्ययनलाई सहयोग पुऱ्याउन बन्करसहित अनुसन्धान भवन निर्माण गर्ने कार्यक्रम पनि रहेको छ। यस्तै पछिल्लो समयमा अत्याधुनिक उपकरणहरुसहित नास्टस्थित प्रयोगशालालाई अत्याधुनिक एवं समुन्नत बनाइएको छ। केन्द्रीय कार्यालयको हातामा 'साइन्स पार्क' निर्माण गर्ने मात्र होइन, प्रत्येक प्रदेशमा एक/एक वटा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना कार्य समेतलाई अगाडि बढाइएको छ। राष्ट्रिय परम्परागत सीप एवं प्रविधि प्रशिक्षण केन्द्र राष्ट्रिय प्रविधि परिक्षण एवं प्रमाणीकरण केन्द्र स्थापनाको लागि अध्ययन गर्ने कार्यक्रमसहित अगाडि बढेको छ।

संरचनाको परिमार्जनः नास्टको स्थापना भएको चार दशक भइसकेको छ। विज्ञान र प्रविधिको विकास गर्न नास्टले आफ्नो भूमिका अब फरक ढङ्गबाट निभाउन जरुरत भइसकेको देखिन्छ। तसर्थः आफ्नो चार दशक अगाडि बनाइएको संरचनामा परिमार्जित गर्नु आवश्यक भएको महसुस नास्टले गरेको छ। यसैलाई मनन गरी नास्टको संरचना परिमार्जन गर्दै यसका गतिविधिलाई अझ सशक्त ढङ्गबाट अगाडि बढाउन यसका उद्देश्य र संरचना पुनःपरिभाषित र परिमार्जन गर्न मन्त्रालयको प्रतिनिधिसहित विभिन्न प्राज्ञिक संस्थाका प्रतिनिधिहरु सम्मिलित भएको संरचना परिमार्जित उच्चस्तरीय समितिमार्फत कार्य अगाडि बढाइ रहेको छ।

अनुसन्धानकर्तालाई सहयोगः नास्टले वैज्ञानिक सङ्घ/संस्थालगायत वैज्ञानिक र प्राविधिकहरुलाई वैज्ञानिक क्रियाकलापमा सहयोग गर्न कार्यविधि निर्णय गरी क्रमश सहयोगमा वृद्धि गर्दै लगेको छ। पिएचडी र स्नातकोत्तरका विद्यार्थीलाई शोधपत्र तयार पार्न आर्थिक सहयोग गर्नुका साथै अनुसन्धानकर्तालाई अनुसन्धान वृत्ति प्रदान गर्ने गरेको छ। यस्तै विद्यार्थीहरुलाई अनुसन्धान गर्न विज्ञान र प्रविधि सङ्कायमार्फत सञ्चालित प्रयोगशाला उपलब्ध एवं सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइएको छ। रिसर्च असिस्ट्यान्ट, रिसर्च फलो, एशोसियट रिसर्च फेलोजस्ता अनुसन्धान वृत्ति कार्यक्रम सञ्चालन गरी अनुसन्धानकर्मीलाई अवसर सिर्जना गरी दिएको छ। विदेशमा रहेका नेपाली वैज्ञानिकलाई स्वदेशमा फर्किएपछि करिब एक वर्ष स्वदेशको वातावरणमा घुलमिल गर्न र अवसरको खोजी गर्नुको साथै आफ्नो अनुसन्धानलाई निरन्तरता दिनु र ज्ञान बाढ्‌ने अवसर प्रदान गर्ने उद्देश्यका साथ ब्रेन पुलिङ्ग कार्यक्रम सञ्चालन भइरहेको छ। चालिस वर्षभन्दा कम उमेरले एशोसियट नास्ट फेलो, विशिष्ट अनुसन्धानकर्मी र विज्ञलाई एमिनेन्ट नास्ट फेलो दिने व्यवस्थाले विज्ञहरुलाई अनुसन्धान र ज्ञान अभिवृद्धि गर्ने अवसर पनि नास्टले प्रदान गर्दै आइरहेको छ।

विज्ञान र प्रविधि क्षेत्रका व्यवसायिक सङ्घसंस्थालाई वैज्ञानिक सहकार्यअन्तरगत आर्थिक सहयोग पुऱ्याउनेदेखि भर्खर विश्वविद्यालयबाट दीक्षित भएका विद्यार्थीहरुलाई अनुसन्धान कार्यको अनुभव दिलाउने उद्देश्यअनुसार इन्टर्न गर्ने व्यवस्था पनि नास्टमा उपलब्ध छ। सातै प्रदेशका प्रतिनिधित्वमूलक स्थानीय तहमा विज्ञान प्रविधि क्षेत्रमा कार्य गर्न इच्छुक युवालाई स्थानीय तहकै सिफारिसमा नागरिकसँग नास्ट भन्ने कार्यक्रममा सहभागी हुने अवसर समेत नास्टले उपलब्ध गराएको छ। पछिल्लो समय नास्टले वैज्ञानिक र प्राविधिकहरुको आत्मसम्मान वृद्धि गर्न र प्रोत्साहित गर्न सहयोग पुऱ्याउने उद्देश्यले पुरस्कारको क्याटेगोरी थप गरी सम्मानित गर्दै आएको छ। यस वर्षदेखि विज्ञान र प्रविधि क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने गैरआवासीय नेपालीलाई समेत पुरस्कृत गर्ने गरी थप पुरस्कारको व्यवस्था भएको छ।

**चुनौती**

विज्ञान तथा प्रविधि प्राथमिकतामा परेको भएपनि लगानीमार्फत सुनिश्चित गर्न सकेका छैनौँ। पर्याप्त बजेट नहुँदा नयाँ अनुसन्धान गर्न सकिएको छैन भने गरिएका अनुसन्धानका आधारमा प्रविधिको विकास हुन सकेको छैन। अर्को मुख्य चुनौतीका रुपमा जनशक्तिको पलायन मुख्य बनेको छ। हामीसँग विज्ञान प्रविधिका क्षेत्रमा गहिरो ज्ञान र अनुभव भएका पर्याप्त जनशक्ति भए पनि उनीहरुलाई परिचालन गर्न आर्थिक, प्राविधिक र संस्थागत संरचनाको अभावले सकेका छैनौँ।

त्यस्तै विज्ञान कूटनीतिलाई पनि प्रभावकारीरुपमा अगाडि बढाउन सकिएको छैन। विभिन्न देशमा राजदूतका रुपमा जानुभएका व्यक्तित्वले पनि आर्थिक विषयमा मात्र ध्यान दिने गरेको तर विज्ञान प्रविधिमा ती मुलुकहरुले हासिल गरेका ज्ञान हस्तान्तरण गर्नेतर्फ ध्यान दिएको पाइँदैन।

विज्ञान विनाविकास सम्भव छैन। हाम्रोजस्तो विकासोन्मुख देशमा विकासका लागि विज्ञान हुनु आवश्यक छ। देशको विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन विज्ञान तथा प्रविधिलाई पूर्णरुपमा सदुपयोग गरी औद्योगिक,

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# सरकारी बेरुजु फछ्र्यौटका लागि छुट्टै समिति गठनको सुझाव

काठमाडौँ, २४ कात्तिक (रासस)।

हरेक वर्ष बढिरहेको सरकारको बेरुजु घटाउन तथा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुधारका लागि बेरुजु फछ्र्यौट समिति गठन गर्न एक अध्ययनले सरकारलाई सुझाव दिएको छ।

राष्ट्रिय योजना आयोगले तयार पारेको 'नेपालमा लेखापरीक्षण र बेरुजु फछ्र्यौटको स्थिति अध्ययन प्रतिवेदन, २०७९' ले बेरुजु फछ्र्यौटका लागि छुट्टै संयन्त्रको आवश्यकता औँल्याएको हो।

महालेखा परीक्षकको ५९औँ वार्षिक प्रतिवेदन, २०७९ अनुसार अघिल्लो आर्थिक वर्ष २०७७/७८ सम्ममा रु आठ खर्ब २९ अर्ब १५ करोड ६८ लाख बेरुजु फछ्र्यौट हुन बाँकी छ। जसमध्ये सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थानतर्फ रु चार खर्ब ८३ अर्ब ५९ करोड ६४ लाख बेरुजु फछ्र्यौट हुन बाँकी रहेको छ।

त्यस्तै लेखापरीक्षण बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमको हिसाब टुङ्गो नलागेको रु तीन खर्ब ४५ अर्ब ५६ करोड तीन लाख बेरुजु रहेको छ। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा मात्रै रु एक खर्ब १५ अर्ब पाँच करोड ५० लाख बेरुजु थपिएको महालेखाको उक्त प्रतिवेदनमा उल्लेख छ।

महालेखा परीक्षकको वार्षिक प्रतिवेदन मागी सङ्घीय संसद्अन्तर्गतको सार्वजनिक लेखा समितिमा पर्याप्त छलफल तथा समितिसँग सहकार्य हुन नसकेको पनि प्रतिवेदनमा औँल्याइएको छ। बेरुजु फछ्र्यौटका लागि लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउनुपर्ने र अनुगमन तथा सुपरीवेक्षणका काम प्रभावकारीरुपमा गर्नुपर्ने पनि प्रतिवेदनमा जनाइएको छ।

"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले तोकेको जिम्मेवारीअनुरुप कार्यतालिका बनाइ लेखा उत्तरदायी अधिकृतबाट लेखापरीक्षण, बेरुजु फछ्र्यौटको सुपरीवेक्षण र अनुगमन गरिनुपर्छ", प्रतिवेदनमा भनिएको छ, "लेखापरीक्षण भएको वर्षको बेरुजुलाई सोही वर्षभित्रै कारबाही गरी शून्य बनाउनुपर्ने र त्यसो नगर्ने कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका क्रममा हेरिनुपर्छ।"

पछिल्ला वर्षमा बेरुजुको अङ्क बढ्दै गएको र सार्वजनिक वित्त व्यवस्थापनमा त्यसको असर देखिन थालेपछि आयोगले यो अध्ययन गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो। "विभिन्न नीतिगत समस्या पहिचान र त्यसको समाधानका लागि सम्बोधन गर्नुपर्ने उपायबारे आयोगले अध्ययन गर्दै आएको छ। तिनैपछी मध्ये बेरुजु फछ्र्यौटसँग सम्बन्धित कारबाहीको अहिलेको अवस्था कस्तो छ र त्यसमा सुधारका लागि सम्बन्धित निकायलाई दिनुपर्ने सुझावका लागि यो अध्ययन गरिएको हो", प्रवक्ता पौडेलले भन्नुभयो।

सार्वजनिक वित्तीय व्यवस्थापन र लेखापरीक्षण तथा बेरुजु फछ्र्यौटका लागि विभिन्न निकायबाट कार्यान्वयन गर्नुपर्ने नीतिगत, प्रक्रियागत र कार्यगत सुझाव प्रतिवेदनमा समेटिएको उहाँको भनाइ छ।

सार्वजनिक वित्तीय व्यवस्थापन र लेखापरीक्षणको अवस्था कमजोर हुनुमा योजना तथा कार्यक्रम तर्जुमा प्रक्रियादेखि नै समस्या हुने गरेको प्रतिवेदनले औँल्याएको छ। "सरकारले लागू गर्ने कार्यक्रम र आयोजनाको आवश्यकता पहिचान र पूर्वतयारीको अवस्था मूल्याङ्कन गरेर बजेटमा समावेश गर्ने परिपाटी कमजोर देखिएको छ। आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीचमा समन्वय एवं सामञ्जस्यता कायम हुन सकेको छैन", प्रतिवेदनमा भनिएको छ।

त्यस्तै बजेट कार्यान्वयनमा वित्तीय अनुशासन पालना हुन नसकेको, स्वीकृति बेगर बहुवर्षीय सम्झौता गरेर दायित्व सिर्जना गरेको, अनुगमन र निरीक्षणमा प्रभावकारिता नदेखिएको लगायतका समस्या प्रतिवेदनमा देखाइएका छन्।

त्यस्तै समितिले एउटा निश्चित मितिसम्मका धेरै पुराना बेरुजु सङ्क्षिप्त र सरल प्रक्रियाबाट फछ्र्योट, राफसाफ व्यवस्था गर्ने, भुक्तानी वा पेस्की दिँदा अनिवार्यरूपमा तिनपुस्ते विवरण लिने व्यवस्था कार्यान्वयनको सुझाव दिएको छ।

असुल गर्न सुझाइएका बेरुजु व्यहोरा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउने, महालेखापरीक्षकले प्रयोगमा ल्याएको लेखापरीक्षण बेरुजु सम्परीक्षण निर्देशिकालाई समयानुकूल परिमार्जन गरी सम्परीक्षणको कार्यलाई उच्च प्राथमिकतामा राख्दै स्थलगतरूपमा सम्परीक्षण नगरेको गुनासो आएमा कारबाही गर्ने व्यवस्था गरिनुपर्ने सुझाव पनि समितिले दिएको छ।

"लेखापरीक्षण ऐन, २०७५ को व्यवस्थाअनुसार लेखापरीक्षणको विभिन्न क्षेत्रमा आवश्यक पर्ने विज्ञ नेपाल सरकारको विभिन्न निकायबाट लिइ जटिल प्राविधिक तथा अन्य विषयको लेखापरीक्षणमा आवश्यक गुणस्तर र विश्वसनीयता बढाउनु पर्दछ", समितिको सुझावमा भनिएको छ।

लेखा उत्तरदायी अधिकृतबाट अनुगमन र सुपरीवेक्षणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले तोकेको जिम्मेवारीअनुरूप कार्यतालिका बनाइ लेखा उत्तरदायी अधिकृतबाट लेखापरीक्षण, बेरुजु फछ्र्यौटको सुपरीवेक्षण तथा अनुगमन गर्ने, कानुनी व्यवस्था तथा संरचनालाई क्रियाशील बनाउने स्थानीय तहको वित्तीय उत्तरदायित्वमा स्पष्टता ल्याइ आन्तरिक लेखापरीक्षण व्यवस्थाका लागि कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिइएको छ।

लेखापरीक्षण भएको वर्षको बेरुजुलाई सोही वर्षभित्रै कारबाही गरी शून्य बनाउनुपर्ने र कारवाही नगर्नेको विवरण कार्यसम्पादन मूल्याङ्कनको समयमा हेरिने गरी कानुनी व्यवस्था गर्ने, सार्वजनिक लेखा समितिसँग सहकार्य बढाउनेः महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समयमै छलफल तथा कारवाही गरी लेखापरीक्षण प्रतिवेदनका व्यहोरा कार्यान्वयन तथा फछ्र्यौटको नेपाल सरकारले आवश्यक स्रोतसाधन उपलब्ध गराई सहकार्य गर्नुपर्ने समितिको ठहर छ।

# एकीकृत कारोबारपछि मात्रै १५ दिन शेयर कारोबार रोक्का हुनेः निर्देशिका

काठमाडौँ, २४ कात्तिक (रासस)।

धितोपत्रको दोस्रो बजारमा कारोबार गरिरहेका कम्पनीलाई एक आपसमा गाभ्ने वा गाभिने निर्णय गरेपछि लामो समयसम्म लगानीकर्ता बन्धक हुँदै आएका थिए। आफूले लगानी गरेको सम्पत्ति बिक्री गर्न नपाउँदा त्यसबाट ठूलो हैरानी खेप्नु परेको थियो।

गर्जो टार्नौँला भनेर गरिएको लगानी लामो समयसम्म चुपचाप राख्नु पर्दा त्यसबाट पर्ने नकारात्मक असरको भुक्तभोगी शेयर बजारमा लगानी गर्ने धेरैजसो लगानीकर्ता छन्। बैंक तथा वित्तीय संस्थाको नियमन गर्ने नेपाल राष्ट्र बैंकले चालू आवको मौद्रिक नीतिमार्फत शेयर कारोबारका सन्दर्भमा रहेको त्यस खालको व्यवस्थाप्रति सकारात्मक बन्दै सबै व्यवस्था गर्ने जिम्मेवारी नेपाल धितोपत्र बोर्ड (सेबोन)लाई हस्तान्तरण गर्‍यो। पछिल्ला दिनमा बैंक एक आपसमा गाभिन थाले। शेयर बजारमा कारोबार रोकियो। त्यसबाट उत्पन्न भएको नकारात्मक अवस्थालाई सम्बोधन गर्ने ध्येयका साथ केन्द्रीय बैंकले आवश्यक व्यवस्था गर्न बोर्डलाई नै अधिकार दियो।

सोही अधिकार बमोजिम बोर्डले 'धितोपत्र दर्ता गराएका संगठित संस्था एक आपसमा गाभ्ने/ गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९' जारी गरेको छ। सो निर्देशिका बिहीबारदेखि लागू भएको छ। नयाँ व्यवस्थाअनुसार अब १५ दिन मात्रै लगानीकर्ताको लगानी रोक्का हुनेछ। बोर्डले जारी गरेको निर्देशिकाअनुसार सूचीकृत संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने प्रक्रियामा गएर एकीकृत कारोबार गरेपछि मात्रै १५ दिनसम्म कारोबार रोकिनेछ। यसअघिको व्यवस्थामा भने एकीकृत कारोबार नहुँदासम्म शेयर कारोबार रोक्का राख्ने व्यवस्था थियो। ठूला लगानीकर्ताको अन्य विकल्प भए पनि साना तथा थोरै लगानी गर्ने लगानीकर्ताका लागि भने सामान्य गर्जो टार्न समेत समस्या पर्दै आएको थियो। संस्थाको शेयर मिलान वा धितोपत्र दर्ता वा अभौतिकीकरणका लागि मात्रै दुई साताको समय दिइएको हो।

नयाँ व्यवस्थाअनुसार गाभ्ने वा गाभिने वा प्राप्तिसम्बन्धी जानकारी राख्ने सङ्गठित संस्थाका सञ्चालक, कर्मचारी वा अन्य सम्बन्धित पक्षले प्रारम्भिक समझदारी नभएसम्म गाभ्ने वा गाभिने सम्बन्धमा कुनै पनि सूचना ना जानकारी सार्वजनिक गर्न नपाइने प्रबन्ध गरिएको छ।

निर्देशिकाअनुसार सञ्चालक समितिले गाभ्ने वा गाभिनेसम्बन्धी प्रारम्भिक समझदारी गरेको दिन वा सो को भोलिपल्ट कारोबार समय अगाडि लक्षित सङ्गठित संस्थाका आधारभूत शेयरधनीको कारोबारका लागि साधारणसभा नभएम्मस रोक्का राख्न सक्नेछ।

त्यस्ता शेयरधनीको विवरण सहित संस्थाले धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदन बमोजिम धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले सो संस्थाको आधारभूत शेयरधनीको कारोबार तत्काल रोक्का राख्ने व्यवस्था गर्नुपर्नेछ।

पूर्वस्वीकृतिका लागि गाभ्ने वा गाभिने वा प्राप्ति सम्बन्धमा गरिएको प्रारम्भिक समझदारी, पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन, नाफा नोक्सानको हिसाब, नगद प्रौ/वाहको अवस्था, गाभ्ने वा गाभिने समयबद्ध तालिकासहितको निवेदन दिनुपर्नेछ।

बोर्डले संगठित संस्थाले दिएको निवेदन र आवश्यक शर्त पूरा गरेको अवस्थामा सात कार्यदिनभित्र अन्तिम स्वीकृति दिनेछ। सम्बन्धित नियमनकारी निकायको अन्तिम सहमति संलग्न गरी बोर्ड समक्ष निवेदन दिएको तीन कार्य दिनभित्र अन्तिम स्वीकृति दिने व्यवस्था निर्देशिकामा गरिएको छ।

"एकीकृत व्यवसायिक कारोबार गरेको मितिबाट गाभ्ने वा गाभिने संस्थाको शेयर मिलान, धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकीकरण तथा सूचीकरण प्रयोजनका लागि बढीमा १५ कार्यदिनसम्म शेयर कारोबार रोक्का राख्न सम्बन्धित संगठित संस्थाले धितोपत्र बजार समक्ष निवेदन दिनुपर्नेछ" निर्देशिकामा भनिएको छ। निवेदन प्राप्त भएपछि धितोपत्र बजारले सम्बन्धित संस्थाको शेयर कारोबार रोक्का राख्नुपर्नेछ।

## क्षेत्र...

काँग्रेसका केन्द्रिय सदस्य दिनेश यादव, एमाले-जसपा गठबन्धनका तर्फबाट एमालेका ताराकान्त चौधरी, लोसपाबाट लक्ष्मीकान्त मण्डल र जनमत पार्टीबाट अनिस अन्सारी चुनावी प्रतिस्पर्धामा रहेका छन्।

उक्त प्रतिनिधि सभा क्षेत्र अन्तरगत पाँच पालिका पर्दछन्। जसमा डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका, शम्भुनाथ नगरपालिका र रुपनी गाउँपालिका छन्। हालै सम्पन्न स्थानियतह निर्वाचनमा पाँच मध्ये दुई पालिका डाक्नेश्वरी र राजगढमा नेकपा एमाले, विष्णुपुर गाउँपालिकामा जसपा, शम्भुनाथ नगरपालिकामा नेकपा एस र रुपनी गाउँपालिकामा लोसपाले प्रमुख पद जित हात पारेको छ।

जिल्लाको दक्षिण र उत्तरतर्फ सीमा जोडिएको यस क्षेत्रको भौगोलिक अवस्था पनि निकै रोचक छ। दक्षिणमा भारतसँग सीमा टासिएको डाक्नेश्वरी र राजगढ तथा उत्तरमा राजमार्ग अन्तरगत दुई पालिका शम्भुनाथ र रुपनी र एक पालिका सदरमुकाम राजविराजसँगै जोडिएको छ। विगतको स्थानिय तह निर्वाचनमा यस क्षेत्रबाट तीन पालिकामा नेपाली काँग्रेस र दुई पालिकामा लोसपाले प्रमुख पदमा जित हात पारेको थियो।

## समाजका...

सामाजिक क्षेत्रको प्रगतिका लागि वैज्ञानिक खोज र अनुसन्धानलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ। त्यसैले नास्टले स्थापनाकालदेखि नै प्रविधिलाई सरल तथा सहजरुपमा नेपाली समाजमा स्थापित गर्दै आएको छ। *(नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का उपकुलपतिडा सुनिल बाबु श्रेष्ठसँग राष्ट्रिय समाचार समिति (रासस) का आलेख समाचार प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीको सम्पादित अंश)*

# विश्व समाचार

## राजा चार्ल्समाथि अण्डा प्रहार, एक जना पक्राउ

लन्डन, २४ कात्तिक (रासस/एएनआई)।

योर्क शहरको भ्रमणमा रहेका बेला राजा चार्ल्स तृतीय र रानी क्यामिलामाथि अण्डा प्रहार भएको छ। राजारानीमाथि अण्डा प्रहार गरेको आरोपमा एक जनालाई पक्राउ गरिएको वासिङटन पोस्टले जनाएको छ।

राष्ट्राध्यक्षप्रति अण्डा प्रहार गरेको अभियोग पक्राउ परेका व्यक्तिले "यो देश दासको रगतले बनेको हो," नारा लगाएका थिएभने भीडले "भगवान्ले राजालाई बचाऊन् नारा लगाएको थियो। राजा चार्ल्स नाराबाजीबाट प्रभावित हुनभएन बरू उहाँ 'फुटपाथ'मा छरिएका अण्डाका वरिपरि घुमिरहनुभयो। राजा चार्ल्स रानी क्यामिलासहित आफ्नी स्वर्गीय आमा रानी एलिजाबेथ द्वितीयको मूर्ति अनावरण गर्न योर्क भ्रमणमा हुनुहुन्थ्यो।

यसअघि महारानी एलिजाबेथको मृत्यु भएको केही दिनपछि स्कटल्याण्डको एडिनबरामा एक जना प्रदर्शनकारीलाई पक्राउ गरिएको थियो। उनले 'राजतन्त्रको अन्त्य गर,' लेखिएको 'प्लेकार्ड' बोकेर राजा चार्ल्सको विरोध गरेका थिए। बेलाइतका राजा राज्यको प्रमुख रहेका धेरै स्थानमा यदाकदा राजपरिवार र राजसंस्थाको विरोध भएको छ। सन् १९८६ मा न्युजिल्याण्डको राजकीय भ्रमणमा रहेकाबेला महारानी एलिजाबेथमाथि एक महिलाले अण्डा प्रहार गरेकी थिइन्।

## युक्रेनी सहर खेरसनबाट सेना फिर्ता गर्दै रूस

मस्को, २४ कात्तिक (रासस/एएनआई)।

रुसले युक्रेनको प्रमुख सहर खेरसनबाट सेना फिर्ता गर्ने भएको छ। मस्कोले आफ्नो नियन्त्रणमा रहेको उक्त सहरबाट आफ्ना सैनिकलाई फिर्ता हुन आदेश दिएको केवल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ।

रक्षामन्त्री सर्गेई शोइगु र युक्रेनमा खटिएका रूसी सेनाका कमाण्डर जनरल सर्गेई सुरोभिकिनबीच मस्कोमा भएको बैठकपछि सेना फिर्तिको आदेश भएको हो। आफ्नो पकड सुदृढ तुल्याउन दुई दिशाबाट अगाडि बढिरहेको बेला रूस पछि हटेको छ।

युक्रेनी अधिकारीहरूले भने रूसी घोषणाप्रति आशङ्का व्यक्त गरेका छन्‌ रूसी सैनिकले खेरसन छाड्ने कुनै सङ्केत नदेखाएको उनीहरूले बताएका छन्। युद्ध नलडी रूस खेरसनबाट फिर्ता हुन्छ भन्ने युक्रेनीलाई नलागेको युक्रेनी राष्ट्रपति कार्यालयका सल्लाहकार मिखाइलो पोडोल्याकलाई उद्धृत गर्दै सिएनएनले बताएको छ।

उत्तर एटलाण्टिक सन्धि सङ्गठन (नाटो)का महासचिव स्टोल्टनबर्गले रूसी निर्णयको स्वागत गर्दै युक्रेनी सशस्त्र सेनाको साहस र पश्चिमा राष्ट्रको निरन्तर सहयोगको परिणामस्वरूप सैन्य फिर्ती सम्भव भएको बताएका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले रूसको उक्त निर्णयबाट मस्को समस्यामा रहेको स्पष्ट हुन्छ भन्दै मस्कोको उक्त निर्णयको आफूले पहिले नै अपेक्षा गरेको बताउनुभएको छ। साथै उहाँले उक्त निर्णयबाट दुवै पक्षलाई आफ्नो अवस्थाको समीक्षा गर्न बल पुग्ने बताउनुभएको छ।

यसैबीच, करिब दश महिनादेखि जारी युक्रेन युद्धमा एक लाखभन्दा बढी रुसी सैनिक मारिएका तथा घाइते भएका अमेरिकी सेनाका एक जना वरिष्ठ अधिकारीले दाबी गरेका छन्। द इकोनोमिक क्लब अफ न्यूयोर्कमा आयोजित एक कार्यक्रममा जनरल मार्क मिलेले युक्रेनी पनि त्यति नै सङ्ख्यामा हताहत एवम् घाइते भएका बताए।

युक्रेनमाथि रूसले गरेको आक्रमणलाई गम्भीर गल्ती भन्दै उनले त्यसको मूल्य वर्षौंवर्षसम्म राष्ट्रहरूले चुकाउनुपर्ने उल्लेख गर्दै युद्धका कारण एक करोड ५० लाखदेखि तीन करोड शरणार्थी बनेका तथा त्यसक्रममा करिब ४० हजार नागरिकको ज्यान जाने गरी ठूलो मानवीय पीडा भोग्नुपरेको बताए।

## भियतनाममा डेङ्गुका बिरामी बढे

हनोइ, २४ कात्तिक (रासस/सिन्ह्वा)।

भियतनामको राजधानी हनोइमा डेँगुको ज्वरोका सङ्क्रमित दिन प्रतिदिन बढ्दै गएपछि उच्च सतर्कता अपनाइएको बताइएको छ। यहाँका स्वास्थ्य अधिकारीले हनोइमा डेँगुको उच्च जोखिममा रहेको देखिएकाले यसका विरुद्धमा सतर्कता अपनाउनुपरेको बताएका हुन्।

यहाँ केही समयमात्र अघिसम्म हप्तामा पाँचदेखि सात सयसम्म डेँगुका सङ्क्रमित देखिएकामा हाल हरेक हप्ता कम्तीमा पनि एक हजार चार सय जनामा सो सङ्क्रमण देखिएको हो।

यहाँ डेँगुको ज्वरोका बिरामी हरेक हप्ता बढ्दै गएकाले हनोइ सहरमा उच्च सतर्कता अपनाउनुपरेको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन्।

उनीहरुका अनुसार यहाँ यस वर्षमात्र यहाँ दुई लाख ९२ हजार जनामा डेँगुको सङ्क्रमण भएको थियो। यस सङ्क्रमणबाट यहाँका कम्तीमा पनि एक सय १२ जनाको ज्यान गएको थियो।

यहाँका स्वास्थ्य अधिकारीले भियतनामको हनोइ सहरमा यसका सङ्क्रमित बढ्दै जान थालेको र यो क्रम अहिले नै रोकिने अवस्था नदेखिएकाले सतर्कता अपनाउनुपर्ने अवस्था आएको बताएका हुन्।

# निर्वाचनसम्म आन्दोलन स्थगित गर्न चेम्बरको आग्रह

काठमाडौँ, २४ कात्तिक (रासस) । नेपाल चेम्बर अफ कमर्सले बैंक तथा वित्तीय संस्थाले बढाएको ब्याजदरविरुद्धको आन्दोलन आगामी मङ्सिर ४ गतेसम्म स्थगित गर्न आग्रह गरेको छ । जिल्ला चेम्बर अफ कमर्स र नगर चेम्बर अफ कमर्सलगायत सबै जिल्लाका संस्थालाई ब्याजदर वृद्धिविरुद्धको आन्दोलन निर्वाचनसम्मका लागि स्थगित गर्न चेम्बरले आग्रह गरेको हो ।

बैंक तथा वित्तीय संस्थाको ब्याजदर एवं राष्ट्र बैंकको चालू पुँजी कर्जासम्बन्धी मार्ग निर्देशनको विरोधमा चेम्बरले गर्दै आएको विरोधका कार्यक्रमलाई निर्वाचन अवधिभर रोक्न चेम्बरले विज्ञप्तिमार्फत आग्रह गरेको हो ।

चेम्बरले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "मुलुक प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा होमिएको छ । निर्वाचनलगत्तै आफ्नो शान्तिपूर्ण सङ्घर्षका कार्यक्रमलाई पनि जारी राख्दै नयाँ सरकारसँग वार्तामार्फत समस्याको समाधानका लागि चेम्बरले पहल गर्नेछ । त्यतिञ्जेलसम्मका लागि सङ्घर्षका सबै कार्यक्रम स्थगित गर्न जिल्ला र नगर चेम्बर अफ कमर्सलाई आग्रह गरिन्छ ।"

बैंक तथा वित्तीय संस्थाको चरम ब्याजदरबाट उद्योगी व्यवसायी निकै मर्कामा परे पनि निर्वाचनको मुखमा आन्दोलन गर्दा झन समस्या उत्पन्न हुने चेम्बर अध्यक्ष राजेन्द्र मल्लले बताउनुभयो । उहाँले भन्नुभयो, "ब्याजदर वृद्धिले उद्योग व्यवसाय निकै धरासायी भएका छन् । बढेको ब्याजदर घटाउने विभिन्न विकल्प हुँदासमेत सरकारले व्यवसायीको मागलाई सुनुवाइ गरेको छैन । निर्वाचनलगत्तै सङ्घर्षमा उत्रनुको विकल्प छैन ।"

चेम्बरले यसअघि नियमनकारी निकाय राष्ट्र बैंकसमक्ष हाल कायम स्प्रेड दर एवं बैंकको आधार समय सान्दर्भिक व्यवस्थापन गर्न पनि आग्रह गरेको छ । चेम्बरले राष्ट्र बैंकलाई विभिन्न नौ बुँदामा यसअघि नै ध्यानाकर्षण गराएको थियो ।

चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, "बढ्दो ब्याजदरले मुलुकको व्यावसायिक गतिविधि नै ठप्प हुने अवस्था सिर्जना भएको छ । निक्षेपमै उच्चदरको ब्याजदर कायम भयो भने उद्योग व्यवसायमा हुने लगानी निरुत्साहित हुने र यसले वित्तीय असन्तुलनको जोखिम बढाउँछ ।" कर्जा प्रवाह र नवीकरण गर्दा बैंक एवं वित्तीय संस्थाले लिने विभिन्न प्रकारको असान्दर्भिक सेवा शुल्कलाई हटाउनसमेत चेम्बर चेम्बर अध्यक्ष मल्लले आग्रह गर्नुभयो ।

# नेपाल भित्रियो कार्डियो भास्कुलर हाइब्रिड थिएटर : शल्यक्रिया सेवा

काठमाडौँ, २४ कात्तिक (रासस) । नेपालमा कार्डियो भास्कुलर हाइब्रिड थिएटर र अत्याधुनिक कार्डियो सिटीस्क्यान सेवा सुरु भएको छ ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले दक्षिण एशियाका सीमित अस्पतालमा रहेको ती सेवा पहिलो पटक स्वदेशमा थालनी गरेको हो । सेन्टरका कार्यकारी निर्देशक प्रा डा उत्तमकृष्ण श्रेष्ठले भन्नुभयो, "कार्डियो भास्कुलर हाइब्रिड थिएटरबाट एक महिना अगाडिदेखि नै सुरु गरिसकेका छौँ । पाँच सय १२ 'स्लाइस'को कार्डियो सिटीस्क्यान सेवाका लागि उपकरण जडान भइसकेको छ । सेवा छिट्टै सुरु हुन्छ ।"

**के हो त थिएटर ?**

उहाँका अनुसार मुटुको शल्यक्रिया र क्याथल्याब उपचार एकसाथ गर्नसक्ने अत्याधुनिक उपकरणलाई 'कार्डियो भास्कुलर हाइब्रिड थिएटर' भन्ने गरिन्छ । छाती नखोलीकन सुइका माध्यमबाट मुटुको उपचार गरिने पछिल्लो प्रविधि नै 'क्याथल्याब' हो ।

प्रा डा श्रेष्ठले भन्नुभयो, "कार्डियो भास्कुलर हाइब्रिड थिएटरबाट एक महिनामा २५ बिरामीले सेवा पाइसकनुभएको छ । भारतमा यो सेवा लिन भारु १० देखि १५ लाखसम्म पर्दछ । हामीले त्यति नै नेपाली पैसामा स्वदेशमा नै यो सेवा प्रदान गरेका छौँ । हाम्रो ध्येय मुटुका बिरामी भारतमा उपचारार्थ जान नपरोस् भन्ने हो ।"

**यस्तो छ कार्डियो सिटीस्क्यानको सेवा**

सेन्टरले भित्र्याएको पछिल्लो अत्याधुनिक कार्डियो सिटीस्क्यानले एक धड्कनमा चार सिटीस्क्यान गर्न मिल्ने जनाइएको छ । मुटुको रक्तनलीको सिटीस्क्यान गर्ने काम अत्यन्त जटिल मानिन्छ । नेपालमा पाँच सय १२ स्लाइसको कार्डियो सिटीस्क्यान सेवा सहित गङ्गालाल हृदय रोग उपचार केन्द्र बाँसबारीमा मात्र रहेको जनाइएको छ ।

प्रा डा श्रेष्ठले भन्नुभयो, "मुटुको उपचार सेवा सस्तो, सुलभ र गुणस्तरीयरुपमा स्वदेशभित्र उपलब्ध गराउन उच्च प्राथमिकताका साथ अनवतररुपमा लागिरहेका छौँ ।" मुटु, फोक्सो र रक्तनली उपचारमा अब्बल सेन्टरले बिरामीले चाहेकै समयमा कार्डियो सिटीस्क्यान सेवा तत्काल उपलब्ध गराउने नीतिसमेत तय गरेको छ । यसका लागि उपकरणको प्रयोगका बारेमा आफ्ना प्राविधिक जनशक्तिलाई विशेष तालिम दिने उहाँले बताउनुभयो ।

सेन्टरले गत वर्ष ७५ हजार बहिरङ्ग, एक हजार सातसय क्याथल्याब सहित मुटु, फोक्सो र रक्तनलीको दुई हजार ५०० सेवा प्रदान गरेको थियो ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


# रेडक्रसद्वारा क्यान्सर पीडितलाई सहयोग

काठमाडौँ, २४ कात्तिक (रासस) । क्यान्सरसँग जुधिरहेका ३४ वर्षीय आशिष आचार्यलाई नेपाल रेडक्रस केन्द्रीय रक्तसञ्चार सेवाले 'सिङ्गल डोनर प्लेटलेट' रक्ततत्व निःशुल्क उपलब्ध गराएको छ । विसं २०७३ देखि क्यान्सरसँग जुधिरहनुभएका उहाँलाई रु २५ हजार शुल्क लाग्ने सो रक्ततत्व सहयोग गरेको हो ।

नेपाल क्यान्सर अस्पताल हरिसिद्धिमा पुगी बिरामीका आमा गङ्गा र बुवा केशवलाई रेडक्रसका कार्यकारी निर्देशक उमेश ढकाल र रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज पौडेलले सो रक्ततत्व बिहीबार हस्तान्तरण गर्नुभएको हो । बिरामीको अवस्थाबारे जानकारी गराइ अस्पतालका निर्देशक स्वरुपा श्रेष्ठले सो रगत निःशुल्क उपलबध गराउन रेडक्रससँग सहजीकरण गर्नुभएको थियो ।

"पहिला राजीव गान्धी अस्पताल भारतमा छोरालाई लगेँ, बोनम्यारो फेरियो, त्यसको एक वर्षपछि बारम्बार समस्या आइरह्यो, यहाँ अस्पतालमा आइसकेपछि पनि उपचारका लागि प्लेटलेट धेरै चाहिरहेको र पाउन मुस्किल भइरहेका बेला आज यो नयाँ खालको प्लेटलेट अस्पतालमा ल्याइदिनुभएकामा वरदान नै पाएजस्तो भएको छ", केशवले भन्नुभयो ।

डेङ्गुको प्रभाव बढेको समयमा केन्द्रीय रक्तसञ्चार सेवाले एफेरेसिस प्रविधिबाट सिङ्गल डोनर प्लेटलेट उत्पादनलाई गति दिएको रक्तसञ्चार निर्देशक पौडेलले जानकारी दिनुभयो । नेपालका थोरै स्थानमा मात्रै यो सेवा रहेको छ र यो प्रविधि महँगो छ । डेङ्गु र क्यान्सरपीडितका लागि बढी चाहिनसक्ने भएकाले शुल्कमा सहुलियत गर्न सङ्घीय सरकार, स्थानीय निकायको सहयोगको अपेक्षा रहेको निर्देशक पौडेलले बताउनुभयो ।

**के हो सिङ्गल डोनर प्लेटलेट ?**

रक्तदानका क्रममा दाताको शरीरबाट रक्तथैलीमा जम्मा भएको रगतमध्ये प्लेटलेट तत्व मात्र थैलीमा राखी बाँकी सबै रगत दाताको शरीरमा अत्याधुनिक एफरेसिस प्रविधिको मेशिनले फिर्ता पठाइदिन्छ । जुन तत्व चाहिएको हो त्यही तत्वमात्र दाताको शरीरबाट निकालिने र बिरामीलाई पनि चाहिएको तत्वमात्रै दिइने भएकाले यो प्रभावकारी हुने चिकित्सकले जनाएका छन् । प्लेटलेट तत्व मात्रै पोकामा हुने भएकाले डाक्टरको अनिवार्य सिफारिसमा इमरजेन्सी अवस्थामा जुनसुकै रक्तसमूहका बिरामीलाई पनि यो दिन सकिने हुन्छ ।

अर्को दान गर्न दाताले तीन महिना कुर्नु नपर्ने यो एफरेसिस प्रविधिको अर्को फाइदा हो । यो प्रविधिबाट हरेक एक/एक महिनामा रक्तदान गर्न सकिन्छ । यो रक्तदानमा ८० देखि १०० मिनेट लाग्दछ । दातालाइ क्याल्सियम कम नहोस् भनेर दानका क्रममा चक्की र अतिरिक्त पोषिलो खानेकुरा दिइन्छ ।

धेरै रगत चढाउनुपर्ने गम्भीर बिरामीका लागि साइटइफेक्ट नहुने र आठ युनिट बराबरको काम एकै पोकाले गर्ने भएकाले सिङ्गल डोनर प्लेटलेट अत्यन्तै लाभदायक हुने चिकित्सक डा प्रकाश यादव बताउनुहुन्छ ।

सिङ्गल डोनर प्लेटलेटको समय तीनदेखि पाँच दिनमात्रै हुने भएकाले बिरामीका लागि माग आएपछिमात्रै उपयुक्त डोनर खोजी गरी केन्द्रीय रक्तसञ्चार सेवामा यो प्रविधि सञ्चालन भइरहेको छ । रक्तसञ्चार सेवाका चिकित्सकबाट बिरामी र दाताले यसबारे थप जानकारी लिनसक्ने व्यवस्था मिलाइएको छ ।


उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*